# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०४।३० गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरु मध्ये प्रतिवादी गोपाल प्रसाद गैह्रसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये प्रतिवादी गोपाल प्रसाद गैह्रसमेत रहेको सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धि मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०४।३० गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी **गोपाल प्रसाद गैह्रे समेत** ३ जना (गोपाल प्रसाद गैह्रे, तुलसा रेग्मी र गुनाखर गैह्रेसमेत भएको, विशेष अदालतको मुद्दा नं. ०७८-CR-००६९), विशेष अदालतबाट फैसला भएको मिति २०८०/०६/१६) | सार्वजनिक सम्पत्ति हानि नोक्सानी गरी भ्रष्टाचार गरेको। | **<u>प्रतिवादीहरु गोपाल प्रसाद गैह्रे र गुनाखर गैह्रेको हकमाः</u>**<br>लक्ष्मी माध्यमिक विद्यालय वालिङ, स्याङ्जाका प्रधानाध्यापक गोपाल प्रसाद गैह्रे र तत्कालिन प्रा.वि. द्वितीय (लेखा) शिक्षक गुनाखर गैह्रेले मिलेमतो गरी विद्यालय सहायक अनुदान कोटामा कार्यरत शिक्षक दिनेश गैह्रेको नाममा २०७५ चैत्र महिनाको तलब रु.११,५००।- निजको हस्ताक्षर विना तलब निकासा गरेको साथै शिक्षक श्री तुलसा रेग्मीलाई विदेश जाने वातावरण मिलाई सो समयमा विद्यालयमा हाजिरी देखाई/गरी निज तुलसा रेग्मीको नाममा ३९६ दिनको ग्रेड सहितको पारिश्रमिक एवं दश प्रतिशत संचयकोष जोड गरी जम्मा रु.३,८२,२८८।६४ तलब भत्ता निकासा समेत गरी जम्मा रु. ३,९३,७८८।६४ बदनियत राखी नेपाल सरकारको सम्पत्ति हिनामिना गरी/गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुर गरेको देखिएकोले श्री लक्ष्मी माध्यमिक विद्यालयका प्रधानाध्यापक गोपाल प्रसाद गैह्रे र तत्कालिन प्रा.वि. द्वितीय शिक्षक लेखाको समेत काम गर्ने गुनाखर गैह्रेलाई ऐ.ऐनको दफा १७ ले निर्देश गरे बमोजिम विगो रु.३,९३,७८८।६४ (अक्षेरपी तीन लाख | <u>फैसलाः</u><br>कुल ३ जना प्रतिवादीहरुमध्ये २ जना प्रतिवादीहरुलाई आरोप मागदावी भन्दा फरक तथा न्यून बिगो कायम गरी कसूर ठहर तथा सजाय हुने तथा १ जना प्रतिवादीलाई आरोपित कसूरबाट सफाई पाउने।<br><br>**<u>प्रतिवादीहरु गोपाल प्रसाद गैह्रे र गुनाखर गैह्रेको हकमाः</u>**<br>मिशिल संलग्न तुलसा रेग्मीको हाजिरी रजिष्टर, तलबी भरपाई, विस्तृत अनुसन्धान प्रतिवेदन, प्रतिवादीहरुको अनुसन्धान तथा अदालतको बयान, पुष्पा तिवारी, दिनेश गैरे समेतले गरेको कागज र बकपत्र समेतका आधारमा प्रतिवादीहरु गोपाल प्रसाद गैह्रे र गुनाखर गैह्रेले आपसमा मिलेमतो गरी प्रतिवादी तुलसा रेग्मी नेपाल बाहिर रही आफू कार्यरत लक्ष्मी मा.वि.मा हाजिर नरहेको समयको हाजिरी देखाई रु.३,८२,२८८।६४ निकाशा गरी गराई तुलसा रेग्मीको नाममा खर्च लेखी नेपाल सरकारको उक्त सम्पत्ति बदनियतपूर्वक हिनामिना, हानीनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसूर गरेको। प्रतिवादीहरु गोपाल प्रसाद गैह्रे र गुनाखर गैह्रेलाई उक्त रकमको दामासाहीले हुने विगो रु.१,९१,१४४।- जनही विगो कायम भई उक्त विगोमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र दफा ३ (१) (घ) बमोजिम कसूरको मात्रा अनुसार प्रतिवादी गोपाल प्रसाद गैह्रेलाई ७ (सात) महिना र प्रतिवादी गुनाखर गैह्रेलाई ६ (छ) महिना कैद हुने र उक्त विगो रु.१,९१,१४४।- बमोजिम जनही जरिवाना भई दफा १७ बमोजिम उक्त हानी नोक्सानीको विगो निजहरुबाट असुलउपर हुने ठहर्छ भन्ने फैसला भएको।<br>**<u>प्रतिवादी तुलसा रेग्मीको हकमाः</u>**<br>मिशिल संलग्न तुलसा रेग्मीको हाजिरी रजिष्टर, तलबी भरपाई, विस्तृत अनुसन्धान प्रतिवेदन, प्रतिवादीहरुको अनुसन्धान तथा अदालतको बयान, पुष्पा तिवारी, दिनेश गैरे समेतले गरेको कागज र बकपत्र समेतका आधारमा निज प्रतिवादी तुलसा रेग्मीले आफू अनुपस्थित रहेको समयको तलब नबुझेको, तलवी भरपाईमा सहीछाप समेत नगरेको भनी बयान गरेको तथा निजको सञ्चयकोषमा जम्मा भएको रकम समेत फिर्ता गरिसकेको देखिंदा निज उपरको आरोपदावी पुष्टी हुन | क) प्रस्तुत मुद्दाका सम्बन्धमा प्रतिवादीहरु गोपाल प्रसाद गैह्रे र गुनाखर गैह्रेले गरेको आरोपपत्रको आरोप मागदावी बमोजिमको हानीनोक्सानीको विगो रकम रु.३,९३,७८८।६४ लाई आधारमानी दामासाहीले हुन आउने विगो रकम बराबरको जरिवाना तथा विगो असुलउपर हुनु पर्नेमा मिशिल संलग्न तथ्य, प्रमाण र आधारहरुलाई अनदेखागरी निज प्रतिवादीहरुलाई कैद र जरिवाना तथा बिगो असुलउपर गर्ने कसूर ठहर गरी सजाय गर्दा आरोपमागदावी भन्दा फरक न्यून बिगो कायम हुने गरी सजाय हुने ठहरी भएको तथा प्रतिवादीहरुमध्ये तुलसा रेग्मीलाई आरोपित कसूरबाट सफाई दिने गरी ठहरी भएको फैसला सो हदसम्म त्रुटीपूर्ण भएकोले सो हदसम्म बदरभागी रहेको। प्रस्तुत मुद्दाका सम्बन्धमा प्रतिवादीहरु गोपाल प्रसाद गैह्रे र गुनाखर गैह्रेले गरेको आरोपपत्रको आरोप मागदावी बमोजिमको हानीनोक्सानीको विगो रकम रु.३,९३,७८८।६४ तथा प्रतिवादी तुलसा रेग्मीको हकमा बिगो रकम रु. ३,८२,२८८।६४ लाई आधारमानी दामासाहीले हुन आउने विगो रकम बराबरको जरिवाना तथा विगो असुलउपर हुनु पर्नेमा प्रतिवादीहरु गोपाल प्रसाद गैह्रे र गुनाखर गैह्रेको हकमा मिशिल संलग्न तथ्य, प्रमाण र आधारहरु समेतलाई अनदेखागरी निज प्रतिवादीहरु गोपाल प्रसाद गैह्रे र गुनाखर गैह्रेलाई कैद र जरिवाना तथा बिगो असुलउपर गर्ने गरी कसूर ठहर गरी सजाय गर्दा आरोप मागदावी भन्दा फरक न्यून बिगो कायम हुने गरी सजाय हुने ठहरी भएको तथा प्रतिवादीहरुमध्ये तुलसा रेग्मीलाई आरोपित कसूरबाट सफाई दिने गरी ठहरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण भएकोले सो हदसम्म बदरभागी रहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | त्रियानब्बे हजार सातसय अठासी र पैसा चौसठ्ठी मात्र ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम उक्त बिगो रु.३,९३,७८८।६४ निज प्रतिवादीहरु श्री लक्ष्मी माध्यमिक विद्यालयका प्रधानाध्यापक गोपाल प्रसाद गैह्रे र तत्कालिन प्रा.वि. द्वितीय (लेखा) शिक्षक गुनाखर गैह्रेबाट असुल उपर हुन समेत मागदावी लिइएको।<br>**प्रतिवादी तुलसा रेग्मीको हकमाः**<br>श्री लक्ष्मी माध्यमिक विद्यलयका शिक्षक तुलसा रेग्मीले निज श्री लक्ष्मी माध्यमिक विद्यालयमा कार्यरत रहँदा आफ्नो सेवा निरन्तर राख्ने मनसायले विदा स्वीकृत नगरी, राजिनामा समेत नदिई, विद्यालयमा यथावत काम गरेको देखाई नेपाल बाहिर रहेको समयमा विद्यालयमा नियम विपरीत जम्मा ३९६ दिनको ग्रेड सहितको पारिश्रमिक एवं दश प्रतिशत संचयकोष जोड गरी जम्मा रु.३,८२,२८८।६४ (अक्षरेपी तीन लाख बयासी हजार दुई सय अठासी र पैसा चौसठ्ठी मात्र) तलव निकासा गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको देखिएकोले प्रतिवादी श्री लक्ष्मी माध्यमिक विद्यालयको तत्कालिन शिक्षक तुलसा रेग्मीलाई ऐ.ऐ. दफा १७ ले निर्देश गरे बमोजिम बिगो | नसकी निजले आरोप दाबीबाट सफाई पाउने।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>कुल ३ जना प्रतिवादीहरुमध्ये २ जना प्रतिवादीहरुको हकमा कैद तथा कायम भएको बिगो बमोजिमको दामासाहीले जरिवाना सजाय हुने तथा कायम भएको बिगो बमोजिमको रकम दामासाहीले निजहरुबाट असुलउपर हुने गरी आरोप मागदावी भन्दा फरक न्यून बिगो कायम गरी सजाय हुने तथा अर्का १ जना प्रतिवादीलाई  प्रस्तुत मुद्दाको आरोप मागदावीबाट सफाई पाउने ठहरी आरोप मागदावी भन्दा न्यून बिगो कायम हुने समेत गरी आंशिक ठहर हुने गरी फैसला गर्दा लिईएका आधार तथा कारणहरु देहाय बमोजिम रहेका छन्:<br>क) प्रतिवादीहरुले आरोप दावीको कसूर गरेकोमा ईन्कार रही बयान गरेतापनि लक्ष्मी माध्यमिक विद्यालय वालिङमा कार्यरत शिक्षक प्रतिवादी तुलसा रेग्मी मिति २०७४।११।१९ देखि मिति २०७५।०२।२६ सम्म, मिति २०७५।०४।१४ देखि मिति २०७५।०८।२१ सम्म, मिति २०७५।०९।२० देखि मिति २०७६।०२।२३ सम्म र मिति २०७६।०३।२८ देखि मिति २०७६।०४।२७ सम्म जम्मा दिन ३९६ दिन नेपाल बाहिर रहेको भन्ने अध्यागमन विभागको च.नं.७८८, मिति २०७७।१२।१० को पत्र, विद्यालयबाट प्राप्त हाजिरी रजिष्टर र स्वयं प्रतिवादी तुलसा रेग्मीको बयान समेतबाट देखिएको, प्रतिवादी तुलसा रेग्मी उक्त विद्यालयमा हाजिर नभएको समयको तलव पनि निज प्रतिवादी तुलसा रेग्मीको नाममा निकाशा लिई निजको नाममा खर्च लेखेको तथा सो अवधिको निज प्रतिवादी तुलसा रेग्मीको थप रकम सहित सञ्चयकोषमा जम्मा गरेकोमा विवाद नदेखिएको, उक्त रकम निकाशा लिने तथा खर्च लेख्ने कार्य तत्कालिन समयमा उक्त विद्यालयको प्रधानाध्यापकको भुमिकामा रहेका प्रतिवादी गोपाल प्रसाद गैह्रे र लेखा समेतको काम गर्ने उक्त विद्यालयका अर्का शिक्षक प्रतिवादी गुनाखर गैह्रेले गरेकोमा विवाद नदेखिएको, प्रतिवादी तुलसा रेग्मी विदेश गएको समयमा विद्यालयमा हाजिरी देखाई तुलसा रेग्मीको नाममा यी प्रतिवादीहरुमध्ये गोपाल प्रसाद गैह्रे र गुनाखर गैह्रेले ३९६ दिनको ग्रेड सहितको तलब भत्ता निकाशा समेत माग गरी जम्मा रु.३,९३,७८८।६४ तुलसा रेग्मीको नाममा खर्च लेखेको देखिएको ।<br>ख) प्रतिवादी तुलसा रेग्मीको तलबी भरपाईमा प्रधानाध्यापकले अह्राई आफूले नै हस्ताक्षर गरेको भनि प्रतिवादी गुनाखर गैह्रेले अनुसन्धानको बयानमा स्वीकार | ख) प्रस्तुत मुद्दाका प्रतिवादीहरु गोपाल प्रसाद गैह्रे र गुनाखर गैह्रेले बदनियतपूर्वक रकम निकाशा माग गरी तथा खर्च गरी नेपाल सरकारको सम्पत्ति हिनामिना गरेका तथा प्रस्तुत मुद्दाको वारदातमा संलग्न अर्का प्रतिवादी तुलसा रेग्मीको प्रत्यक्ष संलग्नता नदेखिएतापनि निजले लक्ष्मी माध्यमिक विद्यालय वालिङमा आफ्नो सेवा निरन्तर राख्ने मनसायले विदा स्वीकृत नगरी, राजिनामा समेत नदिई, विद्यालयमा यथावत काम गरेको देखाई आफू नेपाल बाहिर रहेको समयमा समेत आर्थिक सुविधा लिने मनसायले उक्त कार्यमा सहयोग गरेको र सो कार्यबाट नेपाल सरकारलाई प्रस्तुत मुद्दाको आरोपपत्रमा उल्लेखित बमोजिमको बिगो रकम बराबरको हानीनोक्सानी भएको मिशिल संलग्न तथ्य, प्रमाण र आधारहरुलाई अनदेखागरी निज प्रतिवादीहरुलाई आरोप पत्रमा उल्लेखित आरोप मागदावी बमोजिम सजाय हुनु पर्नेमा निज प्रतिवादीहरुलाई कसूर ठहर गरी सजाय गर्दा आरोप मागदावी भन्दा फरक न्यून बिगो कायम हुने समेत गरी सजाय हुने ठहरी तथा प्रतिवादीहरुमध्ये तुलसा रेग्मीलाई आरोपित कसूरबाट सफाई दिने ठहरी भएको फैसला प्रमाण विवेचनाको रोहमा त्रुटीपूर्ण भएकोले बदरभागी रहेको।<br>ग) प्रस्तुत मुद्दाका प्रतिवादीहरुमध्ये तुलसा रेग्मीले मौकामा तथा सम्मानित अदालत समक्ष बयान गर्दा आरोपित कसूरमा ईन्कार रहि बयान गरेतापनि निजले आफूले आर्थिक सेवा सुविधा लिने खाने मनसायले तथा सेवा अवधि समेत निरन्तर रहेको देखाउने कलुषित मनसायले अर्का प्रतिवादीहरु गोपाल प्रसाद गैह्रे र गुनाखर गैह्रेलाई वदनियतपूर्वक सहयोग गरी नेपाल सरकारलाई हानी पुग्ने कार्य गरेको कुरा मिशिल संलग्न तथ्य र प्रमाणहरुबाट पुष्टी भईरहेको अवस्था देखिंदा देखिंदै उक्त कुरालाई अनदेखागरी निज |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रु.३,८२,२८८।६४ (अक्षरेपी तीन लाख बयासी हजार दुई सय अठासी र पैसा चौसठ्ठी मात्र) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम उक्त बिगो रु.३,८२,२८८।६४ निज प्रतिवादी तुलसा रेग्मीबाट असुल उपर हुन मागदावी लिइएको। | गरेको देखिंदा दुवै प्रतिवादीहरु गोपाल प्रसाद गैह्रे र गुनाखर गैह्रेको मिलेमतो र बदनियत रहे भएको देखिएको, प्रतिवादी तुलसा रेग्मी विद्यालयमा अनुपस्थित रहेको अवधिको तलव निजले बुझेको वा निजको बैंक खातामा जम्मा गरेको पनि नदेखिएको, सो अवधिको प्रतिवादी तुलसा रेग्मीको तलव पुष्पा तिवारीलाई बुझाएको भन्ने प्रतिवादीहरु गोपाल प्रसाद गैह्रे र गुनाखर गैह्रेको जिकिर देखिएतापनि मिति २०७६।११।१४, मिति २०७६।०७।१२, मिति २०७६।०३।१३ र मिति २०७५।११।१४ समेतको तलवी भरपाईमा भएको हस्ताक्षर मेरो होईन, यस विद्यालयमा अध्यापन गराए बापत पारिश्रमिक बुझ्दा मैले मेरो आफ्नै भरपाईमा हस्ताक्ष गरेको थिएँ भन्ने पुष्पा तिवारीको अनुसन्धानको कागज र सोही बमोजिमको बकपत्र रहेको ।<br>ग) प्रतिवादी तुलसा रेग्मी विद्यालयमा अनुपस्थित रहेको समयको पनि तुलसा रेग्मीको नाममा रकम निकाशा मागेको र उक्त रकम पुष्पा तिवारीलाई दिएको भन्ने निज प्रतिवादीहरु गोपाल प्रसाद गैह्रे र गुनाखर गैह्रेको बयान देखिएतापनि तलवी भरपाईमा पुष्पा तिवारी वा तुलसा रेग्मीको सहिछाप गराएको भन्ने नदेखिएको, प्रतिवादी गुनाखर गैह्रेले अदालतमा बयानसाथ पेश गरेको मिति २०७४।०८।०९ को विद्यालय व्यवस्थापन समितिको निर्णयमा पुष्पा तिवारीलाई तुलसा रेग्मीको तलब दिएको नभई रु.२,०००।– आन्तरिक स्रोतबाट व्यहोर्ने गरी तलब दिने उल्लेख गरेको देखिएको, दुवै प्रतिवादीहरु गोपाल प्रसाद गैह्रे र गुनाखर गैह्रे शिक्षकको तलव निकाशा मागी खर्च लेखी तलवी भरपाईमा सहीछाप गराउने जिम्मेवारीमा रहेको देखिएको, नियमानुसार पारिश्रमिक बुझाई तलवी भरपाईमा हस्ताक्षर गराउने जिम्मेवार व्यक्ति गुनाखर गैह्रे रहेका भन्ने पुष्पा तिवारी समेतको अनुसन्धानको कागज र बकपत्र देखिएको, दुवै प्रतिवादीहरुले आपसमा मिलेमतो गरी तुलसा रेग्मीका नाममा समेत आफूहरुले सहिछाप गरेको देखिएको, उक्त बिषयमा दुवै प्रतिवादीहरु उपर स्याङ्जा जिल्ला अदालतमा सरकारी लिखत किर्ते सम्बन्धी मुद्दा दर्ता भएको भन्ने वडा प्रहरी कार्यालय वालिङको च.नं.१३३, मिति २०८०।०४।१२ को पत्रबाट देखिएको, प्रतिवादी तुलसा रेग्मी विद्यालयमा उपस्थित नभएको समयमा पनि निजको हाजिरी गरी निजकै नाममा तलब रकम भुक्तानी गरी अन्य व्यक्तिलाई | प्रतिवादीहरुलाई आरोप मागदावी भन्दा फरक न्यून बिगो कायम हुने समेत गरी कसूर ठहरी सजाय भएको तथा प्रतिवादीहरुमध्ये तुलसा रेग्मीलाई आरोपित कसूरबाट सफाई दिने ठहरी भएको सम्मानित बिशेष अदालत काठमाण्डौको फैसला सो हदसम्म त्रुटीपूर्ण भएकोले सो हदसम्म बदरभागी रहेको।<br>घ) प्रतिवादीहरुले विद्यालयमा अनुपस्थित शिक्षकको नाममा बदनियतपूर्वक झुठ्ठा हाजिरी तथा अन्य प्रतिवेदन बनाई सरकारी रकमको हिनामिना र हानीनोक्सानी गरी आफूहरुले गैरकानूनी लाभ लिनको लागि योजनावद्ध रुपमा उक्त भ्रष्टाचारजन्य कसूर गरेको अवस्था देखिंदा देखिंदै, निजहरुको कसूरको मात्रा बढि नै भएको अवस्था समेतलाई मध्यनजर गरी आरोपमागदावी बमोजिम सजाय गर्नु पर्नेमा सो नगरी आरोप मागदावी भन्दा फरक तथा न्यून बिगो कायम गरी निज प्रतिवादीहरुलाई कैद, जरिवाना र बिगो असुल उपर गर्ने सजाय हुने गरी तथा प्रतिवादीहरुमध्ये तुलसा रेग्मीलाई आरोपित कसूरबाट सफाई दिने ठहरी भएको फैसला निजहरुको कसूरको अनुपातमा नमिलेको तथा कसूरको गम्भीरतालाई समेत मध्यनजर नगरी भएको देखिएकोले सम्मानित बिशेष अदालत काठमाण्डौबाट भएको फैसला सो हदसम्म त्रुटीपूर्ण भएकोले सो हदसम्म बदरभागी रहेको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | तलबबापत दिन मिल्ने नदेखिएको, स्थलगत निरीक्षण गरी विस्तृत अनुसन्धान प्रतिवेदन पेश गर्ने मुकुन्द गौतमको प्रतिवेदन र निजले अदालतमा गरेको बकपत्रमा समेत तुलसा रेग्मीको नाममा निकाशा भएको तलब रकम खर्च गरिएको भन्ने उल्लेख भएको, अन्य व्यक्तिका नाममा झिकेको रकम सम्बन्धित व्यक्तिलाई नबुझाएतापनि बुझाएको देखाई लिने खाने मनसायबाट कार्य भएको देखिंदा यस्तो कार्य भ्रष्टाचारजन्य कसूर अन्तर्गत पर्ने देखिएको, उक्त रकम प्रतिवादीहरु गोपाल प्रसाद गैह्रे र गुनाखर गैह्रेले बदनियतपूर्वक खर्च गरी नेपाल सरकारको सम्पत्ति हिनामिना गरेको देखिएको ।<br>घ) प्रतिवादी तुलसा रेग्मीको हकमा निज आफ्नो स्वास्थ्य अवस्थाको कारण विद्यालयको व्यवस्थापन र प्रधानाध्यापकको सल्लाह सहमति बमोजिम बिदाको निवेदन लेखी नेपाल बाहिर रहेको हो, म नेपाल बाहिर रहेको समयमा निकाशा भएको रकम मैले बुझेको छैन, म उपस्थित नभएको बेलाको हाजिरीको बिषयमा प्र.अ. जिम्मेवार हुनुहुन्छ भन्ने समेत व्यहोराको प्रतिवादी तुलसा रेग्मीको बयान रहेको, निज प्रतिवादी तुलसा रेग्मी उपचारको सिलसिलामा बंगलादेश जानु पर्ने भएकोले विदा पाउँ भनी निज तुलसा रेग्मीले निवेदन दिएको भन्ने तुलसा रेग्मीको बयानलाई समर्थन हुने गरी सहप्रतिवादी गोपालप्रसाद गैह्रेले बयान गरेको देखिएको, तुलसा रेग्मीले विदामा बसेको अवस्थामा विद्यालयमा हाजिर गरेको नदेखिएको, सो तथ्यलाई मुकुन्द गौतमको विस्तृत अनुसन्धान प्रतिवेदनले समर्थन गरेको देखिएको, प्रतिवादी तुलसा रेग्मीले विद्यालयमा अनुपस्थित रहेको अवधिको तलव भत्ता बुझेको अवस्था नदेखिएको, निज नियमानुसार विदामा बसेको अवस्था देखिएको तथा सो अवधिको तलव भत्ता निकासा र खर्च गर्न सहमति दिएको वा अन्य सहप्रतिवादीहरुसँग मिलेमतो गरेको वा सरकारी रकम लिने खाने वा वदनियतपूर्वक हानी नोक्सानी पु-याउने वदनियत निजले राखेको अवस्था पनि पुष्टि भएको नदेखिएको, निज प्रतिवादी तुलसा रेग्मीले विदाको अवधिको कर्मचारी सञ्चयकोषमा थपगरी जम्मा भएको रु.६९,५०७।– मिति २०७९।०१।२७ मा नेपाल सरकारको बेरुजु खातामा दाखिला गरेको देखिएको। | |